सर्वोच्च अदालत, संयुक्त इजलास
मानतीय न्यायाधीश श्री महेश शर्मा पौडेल
माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय

## आदेश

**०८२-WO-१३२८**

शेर बहादुर देउवा समेत.........................................................................निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत. ....................................................विपक्षी

मुद्दाः- उत्प्रेषण ।

१. अन्तरिम आदेश छलफलका लागि पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री बद्रीबहादुर कार्की, श्री राधेश्याम अधिकारी, श्री सतिष कृष्ण खरेल र श्री एगराज पोखरेल तथा विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान नायब महान्यायाधिवक्ता श्री सञ्जिवराज रेग्मीले गर्नुभएको बहस सुनियो।

२. यसमा सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) ऐन, २०६४ को दफा १६(१) (ग) बमोजिमको अवस्था विद्यमान नरहेको हुँदा आफुलाई कुनै प्रकारले पक्रने, हिरासतमा राख्ने कार्य नगर्नु नगराउनु र हाम्रो आगजनिबाट नष्ट भएको बुढानिलकण्ठस्थित घरको भगनावशेष सफा गर्ने काममा कुनै प्रकारले बाधा अवरोध नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश जारी गरी पाउँ भनी निवेदकले माग गरेको देखियो।

३. अब, निवेदकले माग गरे बमोजिम अन्तरिम आदेश जारी हुनुपर्ने वा नपर्ने सम्बन्धमा हेर्दा, निवेदक उपर सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट सम्पत्ति शुद्धिकरण सम्बन्धी कसूरमा अनुसन्धान भइरहेको भन्ने आज इजलासबाट अवलोकन गरिएको अनुसन्धान मिसिलबाट देखियो।

४. साथै अनुसन्धान मिसिल अध्ययन गर्दा, मिति २०८२।१२।२२ मा उल्लिखित कसूरमा काठमाण्डौं जिल्ला अदालतमा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ९ को उपदफा (२) र (४) सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा १५क र १६ (१) (ग) बमोजिम निवेदक शेरबहादुर देउवा र निजको पत्नी (निजको पत्नीको नाम उल्लेख नभएको)लाई पक्राउ गर्ने अनुमतिका लागि माग भएको

र काठमाण्डौं जिल्ला अदालतबाट मिति २०८२।१२।२४ मा माग बमोजिम पक्राउ गर्ने अनुमति दिइएको छ भन्ने उल्लेख भएको देखियो।

५. मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९ को उपदफा (२) मा *कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको सिलसिलामा यस परिच्छेद बमोजिम तत्कालै पक्राउ गर्नु पर्ने भएमा त्यसको कारण खुलाई सम्भव भएसम्म पक्राउ गर्नुपर्ने व्यक्तिको पहिचान खुल्ने विवरण सहित पक्राउ पूर्जि जारी गर्ने अनुमतिका लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ* भन्ने र ऐ. उपदफा (३) मा *उपदफा (२) बमोजिम निवेदन परेमा र पक्राउ गर्नु पर्ने मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले सोही निवेदनमा पक्राउ पुर्जी जारी गर्ने अनुमति दिन सक्नेछ* भन्ने व्यवस्था रहेको छ। साथै, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम (३) को उपनियम (१) मा *ऐनको दफा ९ को उपदफा २ बमोजिम अनुसन्धान अधिकारी वा प्रहरी कार्यालय वा अनुसन्धान गर्ने कार्यालयको प्रमुखले कुनै व्यक्तिका नाममा पक्राउ पुर्जि जारी गर्ने अनुमतिका लागि अदालत समक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।* र ऐ उपदफा (२) मा *उपनियम (१) बमोजिमको निवेदनमा सम्भव भएसम्म देहायका विवरणहरु उल्लेख गरी सो सम्बन्धी कागजात समेत संलग्न गर्नु पर्नेछ* भन्ने व्यवस्था छ।

क. *पक्राउ गर्ने पर्ने व्यक्तिको नाम, थर, वतन वा अन्य परिचयात्मक विवरण*

ख. *कसूरको छोटकरी विवरण र पक्राउ गर्नु पर्ने व्यक्तिको संलग्नता देखिने प्रमाण*

ग. *वारदात, मिति , समय र स्थान*

घ. *पक्राउ गर्नु पर्ने आधार र कारण*

६. यसरी नै उपनियम (४) मा *उपनियम (१) बमोजिम निवेदन परेमा र व्यहोरा मनासिब देखिएमा अदालतले अनुसूची २ बमोजिमको ढाँचामा पक्राउ पुर्जि जारी गर्ने अनुमति दिन सक्नेछ* भन्ने व्यवस्था रहेको छ। तर, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग र काठमाण्डौं जिल्ला अदालतबाट पक्राउ पूर्जि जारी गर्न अनुमति माग गर्दा र प्रदान गर्दा यी कानूनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिमको विधि र ढाँचा अवलम्बन भएको देखिदैन। यस्तो अवस्थामा पक्राउ पुर्जि जारी गर्ने अनुमति माग गर्ने र प्रदान गर्ने कार्यमा प्रचलित कानूनको प्रकृया (Due Process of law) अवलम्बन भएको देखिन आएन।

७. सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा १६ को उपदफा (१) को खण्ड (ग)मा *सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तिय लगानी*

*सम्बन्धी कसूर गरेको आरोप लागेको वा कसूरमा संलग्न भएको वा सो शंका गर्नुपर्ने मनासिब आधार भएको व्यक्ति फरार हुने वा कुनै प्रमाण लोप वा नास गर्न सक्ने वा अनुसन्धानको कार्यवाहीमा बाधा अवरोध गर्ने वा प्रतिकूल प्रभाव पार्न सक्ने मनासिब आधार भएमा निजलाई पक्राउ गरी प्रचलित कानून बमोजिम थुनामा राख्ने व्यवस्था रहेको देखिन्छ।* कसैलाई पक्राउ गर्दा अनुसन्धान निकाय र मुद्दा हेर्ने अदालतले यी कानूनी व्यवस्थाको पालना गर्नु आवश्यक र अनिवार्य हुन्छ। तर माथिल्लो प्रकरणमा उल्लेख भए अनुसार सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट पक्राउ पूर्जि जारी गर्ने अनुमति माग गर्दा र काठमाण्डौ जिल्ला अदालतबाट तनदुरुपको अनुमति प्रदान गर्दा आधार र कारण खुलाएको देखिएन। कसूरको अनुसन्धानका लागि प्रचलित कानूनको अधिनमा रही विधिसम्मत रुपमा पक्राउ गर्न सकिनेमा विवाद नभए पनि त्यस्तो पक्राउ स्वेच्छारी रुपमा हुनु हुँदैन। यसरी पक्राउ गर्दा प्रचलित कानूनले स्थापित गरेको विधि र प्रकृया अनुरुप हुनुपर्ने कुरामा कुनै विवाद हुन सक्दैन। त्यसो हुँदा यस कुरामा अनुसन्धान निकाय र अदालत सदैव सचेत हुन जरुरी हुन्छ।

८. सम्पत्ति शुद्धिकरण (मनी लउन्डरिङ) निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको मिति २०८३।१।१८ को नेपाल राजपत्रमा प्रकाशित अध्यादेशले सो ऐनको दफा २२ को उपदफा (२) मा प्रतिबन्धात्मक वाक्यांश थप गरी *विभागले गरेको अनुसन्धानबाट मुद्दा चल्ने देखिएमा सरकारी वकीलले विशेष अदालतमा मुद्दा दायर गर्ने छ* भन्ने व्यवस्था रहेकोले हाल सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागले गरेको कसूरको मुद्दा हेर्ने क्षेत्राधिकार विशेष अदालतमा रहेको देखियो। निवेदकलाई विशेष अदालतबाट पक्राउ पूर्जि जारी गर्न आधार र कारण खोली सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट माग भएको र विशेष अदालतबाट तदनुरुप अनुमति प्रदान भएको पनि अवलोकन गरिएको अनुसन्धान मिसिलबाट देखिएन।

९. माथिल्लो प्रकरण नं. (८) मा उल्लेख र बिश्लेषण गरिए अनुसार सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागबाट अनुसन्धान भएको कसूरको मुद्दा हेर्ने क्षेत्राधिकार विशेष अदालतमा रहेको हुँदा अध्यादेश जारी हुनुपूर्व काठमाण्डौं जिल्ला अदालतबाट मिति २०८२।१२।२४ मा पक्राउ पूर्जि जारी गर्न दिइएको अनुमति स्वतः निस्कृय हुने देखियो। तसर्थ मिति २०८२।१२।२४ मा काठमाण्डौं जिल्ला अदालतबाट निवेदकलाई पक्राउ गर्न पक्राउ पूर्जि जारी गर्ने अनुमति प्रदान गरिएको आधारमा

निवेदकहरुलाई पक्राउ नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरिएको छ।

१०. आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८३ जेष्ठ ११ गते रोज २ शुभम्......................................................।

CamScanner